शितगंगा नगरपालिका को मिति २०७६ २ ३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्तावहरू

१. नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र अर्घाखाँचीसँग समन्वय गर्ने सम्बन्धमा ।

२. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई कार्यात्मक बनाउने सम्बन्धमा ।

३. राजश्व परामर्श समितिमा मनोनयन सम्बन्धमा।

४. बजेट पूर्व तयारी बैठक सम्बन्धमा ।

५. भङ्गाला खोला तटबन्ध सम्बन्धमा ।

६. भङ्गाला खोलामा हेभी ईक्विपमेन्ट प्रयोग गरी नदीजन्य पदार्थ संकलन गरेको गुनासो सम्बन्धमा ।

७. सडकहरूमा रकम थप तथा विनियोजन सम्बन्धमा ।

८. प्रभाकर मा.वि. लागत सहभागिता सम्बन्धमा ।

९. विभिन्न स्वास्थ्य चौकीहरू मर्मत सुधार सम्बन्धमा ।

१०. रकमान्तर सम्बन्धमा ।

निर्णयहरू

१. नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र अर्घाखाँचीसँग समन्वय गर्ने सम्बन्धमा ।

शितगंगा नगरपालिकाको आ.व. २०७५/७६ को वार्षिक कार्यक्रम अनुसार खरिद भएको ३४ कि.मी ०.०३ को एल टी तार नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र अर्घाखाँचीलाई हस्तान्तरण गरिएको छ । सो सम्बन्धमा पोल गाडिएका तर विश्व बैंकको सम्झौतामा परि काम हुने भएकाको हकमा निम्न वडाहरूका निम्न स्थानमा तार तान्ने कामका लागि नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र अर्घाखाँचीसँग समन्वय गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

निम्न

हल्दे घाट सुखौरा- वडा नं. १
मुलाबारी- वडा नं. २
भाविन र गंगाफाँट - वडा नं. ४
खर्क, बतासे - वडा नं. ५
डमरेखर्क, दरब्सु, आपचौर, खन्यापानी, थाकलपानी, भाडगाँउ, नौमुरे, हाडेस्याल बान्द्रे - वडा नं. ७
धोदरे, फुर्केसल्ली - वडा नं ८
तल्लो छहरे, साखिने, बिसमुरे, बाह्रमुरे, असारे, लौरी, छहरे, आकाशे, सिलिङ्ग खोला, पुरानो लौरी, कात्तिके, चिदीचौर, तिनखण्डे, सामकोट, डिही - वडा नं. ९
लिसीकुना, काठेखोला, बाटुले- वडा नं. १०
खयरभट्टी, फोर्सल, बाँके, ढोडेनी - वडा नं. ११
डोहोटे, कुदुले - वडा नं. १२
सानीलेक- वडा नं. १३

साथै वडा नं. ६ मा विद्युतिकरण गर्न बाँकी रहेको स्थानमा प्राविधिक लागत अनुमान तयार गरी सो बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई कार्यात्मक बनाउने सम्बन्धमा ।

मुलुक संघीय संरचनामा प्रवेश गरेपश्चात कर्मचारीहरूको समायोजनको कारण शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृत समायोजन भई प्रदेश नं ५ मा गएको र साविकमा कार्यरत स्रोत व्यक्तिहरूको समेत काज फिर्ता भई सम्बन्धित विद्यालयहरूमा फर्किसकेको अवस्था छ । सो सम्बन्धमा देशकै सबभन्दा ठूलो नगरपालिका तथा ११० वटा सामुदायिक विद्यालयहरू रहेको नगरपालिकामा शिक्षा शाखा कर्मचारीविहिन हुँदा नगरपालिकाको कार्यसम्पादनमा गम्भीर असर परेको छ ।

यसै सन्दर्भलाई ध्यानमा राखी यस नगरपालिकाभित्र मा. वि. स्तरमा कार्यरत निम्न ७ जना स्थायी शिक्षकहरूलाई नगरपालिकाको स्रोत व्यक्तिको रूपमा कामकाज गराउने र निजहरूको सट्टामा नगरपालिकाले तलब भत्ता व्यहोर्ने गरी २ जना शिक्षकहरू प्रतिस्पर्धाबाट नियुक्ति गरी कामकाजमा लगाउने निर्णय गरियो । शिक्षा अधिकृतको पदपूर्तिका लागि संघीय शिक्षा मन्त्रालयमा पत्राचार गर्ने र डेलिगेसन समेत जाने निर्णय गरियो ।

निम्न

१. खड्गानन्द भुसाल    २.

3. राजश्व परामर्श समितिमा मनोनयन सम्बन्धमा।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति गठन गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ । उक्त ऐनमा कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य मध्येबाट एक जना महिला सहित २ जना सदस्यहरू तोक्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा उक्त समितिमा कार्यपालिकाका सदस्यहरू विष्णु परियार र जीवा पौडेललाई तोक्ने निर्णय गरियो ।

४. बजेट पूर्व तयारी बैठक सम्बन्धमा ।

आगामी आर्थिक वर्ष २०७६/७७ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व नगरपालिकाका सम्बद्ध सबै सरोकारवालाहरू (राजनीतिक दल, पत्रकार, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, नगर उद्योग वाणिज्य संघ, बैंक, नागरिक समाज, नगरपालिकाका विभिन्न शाखा प्रमुखहरू समेत) सँग बजेट पूर्व तयारी छलफल मिति २०७५/२/२१ गते गर्ने र प्राप्त सुझावहरूलाई समेत मध्यनजर गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो ।

५. भङ्गाला खोला तटबन्ध सम्बन्धमा ।

शितगंगा नगरपालिका वडा नं. १३ भङ्गाला खोलामा वर्षायाममा आउन सक्ने बाढीले बस्ती तथा उक्त स्थानमा रहेको कुलो जोखिममा पर्न सक्ने भन्ने व्यहोराको निवेदन यस नगरपालिकामा दर्ता हुन आएको । सो सम्बन्धमा जिल्ला विपद व्यवस्थापन समिति अर्घाखाँचीलाई लेखि पठाईएकोमा उक्त स्थान बाढीको जोखिममा रहे वा नरहेको तथा तटबन्ध गर्ने सम्बन्धमा शीतगंगा नगरपालिकाको सम्बन्धित वडाअध्यक्षको संयोजकत्वमा नगरपालिकाको ईञ्जिनियर, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि रजिल्ला प्रहरी कार्यालयको प्रतिनिधि सम्मिलित टोलीबाट निरिक्षण गराई एक हप्ता भित्र प्रतिवेदन लिई सो प्रतिवेदनको आधारमा तटबन्ध सम्बन्धी

आवश्यक निर्णय गरिने भन्ने र नगरपालिकाले तटबन्ध बनाउने निर्णय भई आएकोले प्रतिवेदन पेश गर्न निम्न समिति बनाउने र सो का आधारमा तटबन्ध सम्बन्धी कामगर्ने निर्णय गरियो ।

निम्न

वडाध्यक्ष श्री दुर्गा बहादुर वि.सी. - संयोजक
ईन्जिनियर श्री नारायण पाण्डे - सदस्य
प्रतिनिधि- जिल्ला प्रशासन कार्यालय
प्रतिनिधि- जिल्ला प्रहरी कार्यालय
प्रतिनिधि- डिभिजन वन कार्यालय

६. भङ्गाला खोलामा हेभी ईक्विपमेन्ट प्रयोग गर्नी नदीजन्य पदार्थ संकलन गरेको गुनासो सम्वन्धमा ।

जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँचीमा मिति २०७५ २ २ मा भएको नदीजन्य पदार्थ व्यवस्थापन सम्वन्धी जिल्ला व्यवस्थापन तथा अनुगमन समितिको बैठकले भङ्गाला खोलामा हेभी ईक्विपमेन्ट प्रयोग गर्नी नदिजन्य पदार्थ उत्खनन गरेको भन्ने उजुरीका सम्वन्धमा शितगंगा नगरपालिकाले स्थलगत रूपमा छानबिन गरी सात दिनभित्र पेश गर्ने भन्ने निर्णय भएको ।

सो सम्बन्धमा यस नगरपालिकाको मिति २०७६ २ ३ को नगर कार्यपालिकाको बैठकले निम्नानुसारको समिति गठन गरी सत्य तथ्य प्रतिवेदन लिई नगर तथा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो ।

निम्न

वडाध्यक्ष श्री दुर्गा बहादुर वि.सी. - संयोजक
प्रमुख प्रशासकीय अधिकृत श्री नारायणप्रसाद भण्डारी- सदस्य
ईन्जिनियर श्री नारायण पाण्डे - सदस्य
सव ईन्जिनियर श्री हुम बहादुर लामिछाने- सदस्य
ना.सु. श्री नुमलाल खनाल- सदस्य

७ सडकहरूमा रकम थप तथा विनियोजन सम्वन्धमा ।

शितगंगा नगरकार्यपालिकाको मिति २०७५ ८ ६ को निर्णय नं १४ को ६१ (गत मौज्दात) मा नगरस्तरिय सडकहरू मर्मत सुधार तर्फ रु ४ लाख विनियोजन भए मध्येबाट रु २ लाख र आन्तरिक आम्दानी बाट रु ३ लाख गरी जम्मा रु ५ लाख बाट घाट सुखौरा मोटर बाटो निर्माण तथा स्तरोन्नती गर्ने र आन्तरिक आम्दानी तर्फबाट नै वडा नं. ५ को भूमिकास्थान- धनुखर्क- भुल्के सडकलाई रु. ५ लाख तथा वडा नं. १४ को कटाँसे - ओख्ले बाटोलाई रु. २ लाख विनियोजन गरी सडक निर्माण तथा स्तरोन्नती गर्ने निर्णय गरियो ।

८ प्रभाकर मा.वि. लागत सहभागिता सम्वन्धमा ।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय ५ नं. प्रदेश रुपन्देहीले विद्यालय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत वडा नं. १४ मा रहेको प्रभाकर मा.वि. सिमलपानीमा रु. ६६ लाख ३० हजार

६६० को लागत अनुमानमा वास सुविधा सहितको २ कोठे भवन निमाण गर्न सम्झौता गरेको र प्रदेशको रु ४० लाख मात्र  लागत साझेदारी रहने  गरी विद्यालय र निर्देशनालयबीच सम्झौता भएको देखियो । सो सम्बन्धमा सम्झौता फारमको ३१ बुँदामा नपुग रकम साझेदारी तथा जनसहभागिताको माध्यमबाट जुटाउनु पर्नेछ भन्ने उल्लेख भएकोले नगरपालिकाले कुल लागत अनुमानको २० प्रतिशत अर्थात रु [illegible] लागत सहभागिता व्यहोर्ने निर्णय गरियो । साथै लागत साझेदारी बापतको रकम सो भवन निर्माण सम्पन्न पश्चात समितिले कार्य लर्इ प्रदेश सरकार संग गरेको सम्झौता, सम्पन्न प्रतिवेदन, तथा निर्णय पेश गरपछी भुक्तानी दिने निर्णय गरिया ।

९ विभिन्न स्वास्थ्य चौकीहरु मर्मत सुधार सम्बन्धमा ।

शिवगंगा नगरपालिकाको तेस्रो नगरसभाले स्वास्थ्यतर्फ स्वस्थ्य संस्थाहरु मर्मत शिर्षकमा रु ५ लाख विनियोजन गरेकोमा आवश्यकता र लागत अनुमानको आधारमा निम्न स्वास्थ्य संस्थाहरु मर्मत सम्भार गर्ने निर्णय गरियो ।

पावर, सिगलपानी, हर्रे, खयरभट्टी, लाहापे, लौरी ।

१० रकमान्तर सम्बन्धमा ।

शिवगंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ को परिच्छेद ३ दफा ९ मा नगरकार्यपालिकाले स्वीकृत बजेटको कुनै एक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा बढी शिर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्नेछ भन्ने व्यवस्था भएको ।

आर्थिक वर्ष २०७५/७६ को बजेट विनियोजनमा कार्यालय सञ्चालन तर्फ विनियोजन भएको रकम नपुग हुने भएकोले चालु तर्फ बचत हुन आउने निम्न शीर्षकहरुबाट रकमान्तर गरी कार्यालय सञ्चालन तर्फ विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | बचत हुने शीर्षक र विनियोजित रकम | हालसम्मको खर्च ( मिति २०७६/२/५ सम्मको) | बचत | कार्यालय सञ्चालन तर्फ रकमान्तर गरिने रकम |
|---|---|---|---|---|
| १ | अन्य भाडा- २५ लाख | ९ लाख ८६ हजार | १५ लाख १४ हजार | ३ लाख |
| २ | इन्धन- ३० लाख | १४ लाख | १६ लाख | २ लाख |
| ३ | सञ्चार - २० लाख | १० लाख | १० लाख | ५ लाख |
| ४ | तलब- १२५ लाख | ५२ लाख | ७३ लाख | ३१ लाख |
| | जम्मा | | | ४१ लाख |

शितगंगा नगरपालिका को मिति २०७६/२/१५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्तावहरू

१. कृषि ब्लक कार्यक्रमहरू सिफारिस गर्ने सम्बन्धमा ।

२ पाँकुरी आधारभूत विद्यालयमा ICT का उपकरणहरू उपलब्ध गराउने सम्बन्धमा ।

३. प्रदेशमा माग गरी पठाउने योजनाहरू सम्बन्धमा।

४. लामातालमा भएको आँखा शिविरको खर्च समर्थन सम्बन्धमा ।

५. कैलास आश्रमलाई सहयोग सम्बन्धमा ।

६. विद्यालयमा सञ्चालित नैतिक शिक्षा सम्बन्धी प्रवचन खर्च भुक्तानी सम्बन्धमा ।

७ वडका पथ सिंचाई बाधमा निस्केको मिस्कट व्यवस्थापन गर्ने सम्बन्धमा ।

८. विशेष संरक्षित क्षेत्र घोषणा गर्न माग गर्ने सम्बन्धमा ।

निर्णयहरू

१. कृषि ब्लक कार्यक्रमहरू सिफारिस गर्ने सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको विभिन्न क्षेत्रहरूमा कृषि उत्पादनको फरक फरक सम्भाव्यता रहेकोले श्री कृषि ज्ञानकेन्द्र अर्घाखाँचीलाई तपशीलमा उल्लेखित वडाहरूमा तपशील अनुसारको कृषि ब्लक आयोजना सञ्चालन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

तपशील

१. मकै ब्लक- नगरपालिकाका सबै वडाहरू(१- १४ वटै)
२. धान ब्लक - वडा नं. ७र ११
३. कफी ब्लक - वडा नं. ३ र ४
४. अदुवा, हलेदो ब्लक - वडा नं. ६ र १०
५. केरा ब्लक - वडा नं. ८, ९, ११, १२ र १४
६. मौरी ब्लक - वडा नं १, २, ३, ५, ६,र १३
७ कागती ब्लक - वडा नं. १० र १३

२. पाँकुरी आधारभूत विद्यालयमा ICT का उपकरणहरू उपलब्ध गराउने सम्बन्धमा ।

शितगंगा नगरपालिका वडा नं. ८ मा अवस्थित पाँकुरी आधारभूत विद्यालयमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले ३ किलो वाटको सौर्य उर्जा प्रणाली जडान गर्न प्रतिवद्धता व्यक्त गरेको व्यहोरा कार्यपालिकामा जानकारी भयो । उक्त सोलार प्रणाली सञ्चालन गर्नुपुर्व विद्यालयमा ICT का न्युनतम पूर्वाधारहरू कम्प्युटर, प्रिण्टर, फोटोकपी मेशिन हुनु पर्ने शर्त रहेको सन्दर्भमा उपरोक्त उपकरणहरू नगरपालिकाले खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्ने निर्णय भयो ।

३. प्रदेशमा माग गरी पठाउने योजनाहरू सम्बन्धमा।

प्रदेश नं ५ को आगामी आर्थिक वर्ष २०७६ ७७ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि यस नगरपालिकाबाट तपशीलमा उल्लिखित योजना तथा कार्यक्रमहरू माग गर्ने निर्णय गरियो ।

तपशील

३.१ मोटर बाटो तर्फ

| सि.नं. | वडा नं. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | ४, ५, ६, ७ | अमराई- ऐरावती सडक | स्तरोन्नती | २ करोड |
| २ | ४, १३, १४ | भेडामारा-सिमलपानी-पावर- पिपरा | स्तरोन्नति | २ करोड |
| ३ | १, २ | बुढीचौर- नेटापोखरा | स्तरोन्नति | २ करोड |
| ४ | ८, ९, १० | बहसोर-सिद्धारा-सिलिगंखोल्ला-लापे | स्तरोन्नति | ३ करोड |
| ५ | ७, ९ | लौरी- लामाताल | स्तरोन्नति | २ करोड |
| ६ | १०, ११ | चौबन्नपुर - खयरभट्टी- फोमेल- हर्रे | स्तरोन्नति | २ करोड |
| ७ | १, १३, १४ | बिक्रम-गन्दी-दमार-सुवर्णखाल | स्तरोन्नति | २ करोड |
| ८ | १३ | बनगाँई-मुसिवान-ढाव | स्तरोन्नति | १ करोड |
| ९ | ३,५ | पोखेडाँडा -पदमे- खिद्धि-सेङलेङ- धनचौर | स्तरोन्नति | २ करोड |
| १० | १०, ११, १२ | पत्थरकोट-दुंसेरा-बाटुले | स्तरोन्नति | २ करोड |
| ११ | ३, ४, ५ | सानादह-करापु | स्तरोन्नति | १ करोड |
| १२ | ९ | रामकोटे-नयाँबस्ती-खारघाट | स्तरोन्नति | २ करोड |
| १३ | १० | हर्रे- डिही | स्तरोन्नति | १ करोड |
| १४ | ६, ७ | आँपाखर्क-बोक्सेचौर- कानाचौर-दमारबेसी | स्तरोन्नति | २ करोड |
| १५ | १२, ११ | देउराली- दमार- दुङ्सेरा- पत्थरकोट | स्तरोन्नति | २ करोड |
| १६ | १२ | घमेनी-दरबारे | स्तरोन्नति | १ करोड |

३.२ खानेपानी तर्फ

| सि.नं. | वडा नं. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | १ | जुरेथुम-निपाने | निर्माण | १ करोड ५० लाख |
| २ | १४ | करेचुली | निर्माण | १ करोड |
| ३ | ८ | डम्रेखर्क-दक्सु-सुनघाट लिफ्टिङ्ग | निर्माण | १ करोड |
| ४ | २ | पञ्चासे-फलाचौर-घोरबन्दा | निर्माण | १ करोड |
| ५ | ६ | ढाव-दाङसिङ | निर्माण | ५० लाख |
| ६ | ९ | बसेनी-धोखर्क | निर्माण | ५० लाख |
| ७ | ७ | खनियापानी | निर्माण | ५० लाख |

३.३ सिचाई तर्फ

| सि.नं. | वडा न. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | ९ | नयाँबस्ती | स्तरोन्नति | २५ लाख |
| २ | १२ | कोन्द्रे -पिरापानी | स्तरोन्नति | २५ लाख |

| | | | | |
|---|---|---|---|---|
| ३ | ४, ५ | भाविन | स्तरोन्नति | २५ लाख |
| ४ | ७ | आँपचौर | स्तरोन्नति | २५ लाख |
| ५ | १३ | मुसीयान | स्तरोन्नति | २५ लाख |
| ६ | १० | सामकोट लिफ्ङ् | नयाँ | ५० लाख |
| ७ | ५ | कच खोला-बफ्रे | स्तरोन्नति | २५ लाख |
| ८ | १ | लिव्दि-चिदिगरा- तिनमुरे- बग्र | नयाँ | ५० लाख |
| ९ | ७ | सतीघाट | नयाँ | २५ लाख |
| १० | ६ | आँपचौर | नयाँ | २५ लाख |
| ११ | १४ | सुखौरा हडाहा | नयाँ | २५ लाख |

३.४ पक्की पुल तर्फ

| सि.नं. | वडा नं. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | १४ | विक्रम पावर | नयाँ | १३ करोड |
| २ | ८ | वडी दमार शान्तीपुर ( राप्ती) | नयाँ | |
| ३ | ९ | रनसिंग रागाकाटे | नयाँ | |
| ४ | ७ | दमारवेसी लामाताल | नयाँ | |
| ५ | ११ | धानखोला दमार | नयाँ | |
| ६ | ९ | मधुराखोला ठाडखोला | नयाँ | |
| ७ | २,३ | कैलासे सीतापुर | नयाँ | |
| ८ | ११ | गुडरूङ् खोला | नयाँ | |
| ९ | १ | मन्द्रे खोला | नयाँ | |
| १० | १३ | मुसीयान | नयाँ | |
| ११ | १० | वाटुले | नयाँ | |

३.५ भ्यू टावर तर्फ

| सि.नं. | वडा नं. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | १३ | किर्तिपुर भ्यू टावर | नयाँ | |
| २ | २ | जोगिनीकोट भिर्राथुम भ्यू टावर | नयाँ | |
| ३ | ८ | सातमारा भ्यू टावर | नयाँ | |
| ४ | १० | हर्रे टाकुरा भ्यू टावर | नयाँ | |
| ५ | १२ | खुम्चीकोट भ्यू टावर | नयाँ | |

३.६ पार्क तथा उद्यान तर्फ

| सि.नं. | वडा नं. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | ७ | लामाताल बरवृक्ष | नयाँ | |
| २ | ८ | कृष्ण सेन ईच्छुक पार्क | नयाँ | |
| ३ | १२ | अमिता पार्क | नयाँ | |
| ४ | १४ | डि. वि. थापा स्मृति पार्क | नयाँ | |

३.७ पदमार्ग तर्फ

| सि.न | वडा नं. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | १२ | नरपानी जुरेथुम रातामाटा कल्लामुड़ा हुँदै कालीकाठी | नयाँ | |

३.८ संस्कृती पर्यटन तर्फ

| सि.नं | वडा नं. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | ८ | वराह दह | स्तरोन्नति | |
| २ | ७ | पतञ्जली जन्म स्थान | नयाँ | |
| ३ | १ | बग्र बाजे मन्दिर | स्तरोन्नति | |
| ४ | १४ | बाणगंगाधाम | स्तरोन्नति | |
| ५ | ११ | धानखोला गुफा | नयाँ | |

३.८शिक्षा तर्फ

| सि.न. | वडा नं. | आयोजनाको नाम | काम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|
| १ | ४ | ८ कक्षा देखि १२ कक्षा सम्म प्राविधिक शिक्षा श्री ज्योति मा. वि. | | |

४. लामातालमा भएको आँखा शिविरको खर्च समर्थन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको स्वास्थ्य शाखा र प्राथमिक स्वास्थ्य केन्द्र ठाडाको आयोजनामा नगरपालिकाको वडा नं ७ मा अवस्थित लामातालमा मिति २०७५ ११ १४ र १५ गते आयोजना भएको आँखा उपचार शिविरमा खाजा खाना नास्तामा रु. २३,७४०।- खर्च भएको भनी वडाबाट भुक्तानी सिफारिस भई आएकोले वडाको सिफारिस तथा बीलका आधारमा उक्त र

कम भुक्तानीका लागि समर्थनगर्ने निर्णय गरियो ।

५. कैलास आश्रमलाई सहयोग सम्बन्धमा ।

श्री कैलास आश्रम गुरूकुल संरक्षण समिति बाणगंगा २ कपिलवस्तुले आयोजना गरेको धनधान्याञ्चल ज्ञान महायज्ञमा यस नगरपालिकालाई निमन्त्रणा गरे बमोजिम नगरको सहभागिता रहेको थियो । उक्त महायज्ञको सफलता र कोष वृद्धिको लागि यस नगरपालिकाबाट रु. ५१,०००।- सहयोग गर्ने निर्णय गरियो । साथै उक्त सहायता प्रदान गर्न आ.व. २०७५ ७६ मा नगरसभाबाट संस्कृति प्रवर्द्धनमा विनियोजित रकममा खर्च लेख्ने समेत निर्णय गरियो ।

६. विद्यालयमा सञ्चालित नैतिक शिक्षा सम्बन्धी प्रवचन खर्च भुक्तानी सम्बन्धमा ।

शितगंगा नगरपालिकाभित्र रहेका १२ बटा माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरूमा बाबा योगीराज हिमलक्ष्मी आरोग्यधाम, शितगंगा ३ह का आयुर्वेद विशेषज्ञले कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी मिति २०७५ पुस १२ देखि माघ १० गते सम्म विभिन्न मितिमा प्रति विद्यालय ३ घण्टाको नैतिक चरित्र, अनुशासन, संस्कार, योग, खानपान , रहनसहन, चालचलन र आहारविहार सम्बन्धमा नैतिक शिक्षा प्रदान

नलुनएकोमा प्रवचन शुल्क र यातायात खर्च प्रति सकल रू ५ हजारका दरले रू. ६०,०००।- मा कन्कट्री गरी भुक्तानी दिने निर्णय गरियो ।

७. वडका पथ सिंचाई बाधमा निस्केको मिस्कट व्यवस्थापन गर्ने सम्बन्धमा ।

राष्ट्रिय गौरवको वडकापथ सिंचाई योजनाको बाध तथा केही भाग यस शितगगा नगरपालिका वडा नं. ८ मा पर्ने र उक्त सिंचाई कुलोको बाध शिनपा ८ सातमारा क्षेत्रमा निर्माण कार्य सम्पन्न भएकोमा सो बाधको क्यानल निर्माण गर्दा निस्केको मिस्कट राप्ती नदी किनारामा थुप्रिएको अवस्था रहेको र समयमै उक्त थुप्रिएको मिस्कट नहटाएमा वर्षामा राप्ती नदिले बगाएर लैजाने र सो का कारण तल्लो क्षेत्रमा विपद समेत निम्त्याउन सक्ने अवस्था रहेकोले सो मिस्कट उक्त स्थानबाट हटाउनु व्यवस्थापन गर्नु पर्ने अवस्था देखिएकोले उक्त थुप्रीएको मिस्कट हेभि मेशिन प्रयोग गरी हटाउने व्यवस्थाको लागि जिल्ला समन्वय समिति अर्घाखाँची र राष्ट्रपति चुरे तराई मधेश विकास समितिमा माग गर्ने निर्णय गरियो ।

८. विशेप संरक्षित क्षेत्र घोषणा गर्न माग गर्ने सम्बन्धमा ।

यस शितगगा नगरपालिका भौगोलिक रूपमै नेपालको सर्वभन्दा ठूलो नगरपालिका भएको र विकट तथा यहाँको जनसंख्या मध्ये अधिकाश जनसंख्या अशिक्षित, गरिब र पिछडिएको वर्गको बसोबास रहनुको साथै सबै भाग चुरे क्षेत्रमा समेत पर्ने भएकोले यस नगरपालिकाको विकासको लागि विशेष संरक्षित क्षेत्र घोषणा गर्न प्रदेश सरकारमा माग गर्ने निर्णय गरियो ।